# बेलबासेलाई जबर्जस्ती करणीको मुद्दा

बुटवल ८ बैशाख। भैरहवाको रविपथमा नेपाल एजुकेशनल ट्रेनिङ सेन्टर सञ्चालन गरिरहेका पुनहरि बेलबासेलाई प्रहरीले पक्राउ गरेको छ।

बेलबासेले आफ्नै इन्स्टिच्यूटमा पढ्न आउने युवतीलाई कोठामा बोलाएर जवर्जस्ती करणी गरेको प्रहरीको अभियोग छ। युवतीले जवर्जस्ती करणीको उजुरी दिएपछि जिल्ला प्रहरी कार्यालय रूपन्देहीले बेलबासेलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ।

रूपन्देहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सत्यनारायण थापाले बेलबासेलाई जवर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता गरी कारवाही प्रक्रिया अगाडि बढाइएको बताए। अभियुक्त बेलबासेलाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान थालिएको उनले बताए।

पक्राउ परेका बेलबासेले भने आफ्नो इन्स्टिच्यूटमा पढ्न आएकी युवतीसँग शुल्कको विषयमा छलफल हुँदा आफूले लिनुपर्ने शुल्क नछाडेपछि जवर्जस्ती करणीको आरोप लगाएको दावी गरेको प्रहरीको भनाइ छ। अभियुक्त बेलबासे आर्थिक बुलेटिन अनलाईन पत्रिकाका सम्पादक हुन्। उनी गत चैत २५ गते भएको नेपाल पत्रकार महासंघ रूपन्देहीको निर्वाचनमा कार्यसमिति सदस्यमा निर्वाचित भएका थिए।

बेलबासेलाई छुटाउनका लागि प्रहरीलाई पत्रकार महासंघसँग आवद्द चुनावमा सहकार्य गरेका व्यक्तिहरूले दवाव दिएको सुरक्षा स्रोतको भनाइ छ।

## यहाँबाट....

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयलाई विभाजन गरी थप नयाँ मन्त्रालय निर्माण गरिएको हो। जसमा प्रदेश सरकारले साविकका मन्त्रालयका सचिवहरूबाट नै नयाँ थप गरिएको मन्त्रालयको कार्य सम्पादन गर्ने जनाइएको छ।

हाल नयाँ थपिएको लिला गिरी ले सम्हालिरहेको स्वाथ्य तथा जन संख्या मन्त्रालयको सचिवमा साविक सामाजिक विकास मन्त्रालयका सचिवले नै जिम्मेबारी पाएका छन्।

यस्तै बैजनाथ चौधरीले थप नयाँ नेतृत्व पाएको ग्रामिण तथा सहरी विकास मन्त्रालयको सचिवको जिम्मेबारी साविक भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका सचिवले नै पाएका छन्। साविकका मन्त्रालयका सचिवहरूले नै व्यवस्थापन गर्ने गरी जिम्मेबारी प्रदान गरिएको जनाइएको छ।

यसरी भौतिक पुर्वाधार मन्त्रालयका सचिव तथा मातहतका निकायका महाशाखा प्रमुखहरू मन्त्रीस्तरिय निर्णय वा टिप्पणीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा आएर मन्त्रीलाई भेट्ने छन् भने सामाजिक विकास मन्त्रालयका सोही प्रकृतिका सचिव तथा कर्मचारीहरूले आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा गएर मन्त्रीलाई भेट्नपर्ने छ।

महाशाखा र सचिवालयहरू सम्बन्धीत मन्त्रालयमा रहने र मन्त्री मात्रै अर्को मन्त्रालयमा बस्ने गरी व्यवस्थापन मिलाइएको छ। सम्बन्धीत मन्त्रालयका मन्त्रीहरू सम्बन्धीत मन्त्रालयमा जान पनि सक्ने तर भौतिक पूर्वाधार अभावको कारण भने तत्काल संभावना नभएकोले यो विषयमा थप समस्या रहेको पाइएको हो।

हाल मुख्यमन्त्री तथा मन्त्री परिषद् कार्यालय, सामाजिक विकास मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग पर्यटन वन तथा वतावरण मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय गरी ६ वटा मन्त्रालयका भवन छुट्टाछुट्टै स्थानमा रहेका छन्।

सुरुवाती दिनमा ३ वटा सम्म मन्त्रालय रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय भवनमा हाल १ वटा मात्रै मन्त्रालय र प्रदेश योजना आयोग र मुख्यन्याधिवक्ताको कार्यालय रहेको छ।

# लमहीमा बन्ने भो ट्रमा सेन्टर

**चुमा आचार्य**
लमही, ८ बैशाख।

लामो समयदेखि चर्चा मात्र चल्दै आएको लमही नगरपालिका वडा नम्वर ४ स्थित कृषि उपज केन्द्र स्थलमा बन्ने भनेको सगन उपचार केन्द्र (ट्रमा सेन्टर ) बन्छ वा बन्दैन भन्ने स्थानीय वासीको चासो मेटिने भएको छ।

उक्त ट्रमा सेन्टरको लुम्विनी प्रदेशका मुख्यमन्त्री शंकर पोखेलले यही वैशाख ११ गते शिलन्यास गर्ने भएका छन। उनले सो सेनटरको शिलन्यास गर्ने तय भए लगत्तै स्थानीयबासीहरू ढुक्क भएका छन।

करिब ४० करोडको लागतमा लुम्बिनी प्रदेश सरकारको वहुवर्षिय आयोजना अन्तर्गत लमहीमा ट्रमा सेन्टर निर्माण गर्ने निर्णय गरेको लुम्विनी प्रदेश सांसद रेवतीरमण शर्माले वताए। प्रदेश राजधानी समेत रहेको यस देउखुरी उपत्यका स्वास्थ्यको क्षेत्रमा निक्कै कमजोर रहेको छ। स्वास्थ्य पहुँच नभएको वेला २ वर्ष अगाडि देखि सगन उपचार केन्द्र निर्माण गर्ने चर्चा चल्दै आए पनि निर्माणले गति लिन सकेको थिएन।

लमही नगरपालिकाका मेयर कुल वहादुर केसीले ट्रमा सेन्टरको वैषाख ११ गत शिलन्यास हुने कार्यक्रम तय भएको वताए। उनले सेन्टरको शिलन्य लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखेलले गर्ने कार्यक्रम रहेको बताउँदै निर्माण स्थल तयारीमा नगरपालिका लागेको वताए।

सो स्थलमा केही वर्ष देखि कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले भाडा लिए समरचना समेत निर्माण गरि आफना कार्यक्रम संचालन गर्दै आएको थियो। सगन उपचार केन्द्रको शिलन्यास गर्नका लागि उक्त स्थानमा रहेका केही समरचना हटाउन धमाधन स्काभेटहरू संचालनमा आएका छन। ट्रमा सेन्टर मुख्य भवन ४ तलाको रहने छ। जसमा इमर्जेन्सी वडा, शल्यक्रिया कक्ष, बिरामी भर्ना वार्डहरू रहने छन। त्यस वाहेक कर्मचारी आवस, चिकित्सक आवस र क्यान्टीन भवन समेन निर्माण हुने भएको छ।


४ वटा पालिका तथा लुम्बिनी प्रदेश राजधानी रहेको यस क्षेत्रमा सरकारी तथा निजी सेवा सुबिधा सहितका स्वास्थ्य संस्था रहेका छैन। ३ वर्ष अघाडी प्राथमिक स्वास्स्थ्य केन्द्र लमहीवाट स्तरवृद्धी भइ १५ शैश्याको रूपमा लमही अस्पताल बनाइए पनि सेवा सुबिधा भने प्राथमिक केन्द्र सरह सेवा दिँदै आएको छ। स्वास्थ्य सेवाको अभावमा यहाँका अधिकांश विरामी छिमेकी जिल्ला वाँकेको नेपालगन्ज र रूपन्देहीको वुटवल जान वाध्य हुदै आएका छन। सवै भन्दा वढी लम्वाइ रहेको राजमार्गसंगै यसस क्षेत्रमा दुर्घटना समेत अत्याधिक हुने गर्दछन। सजन उपचार केन्द्रको निर्माणससंगै दुर्घटनाका विरामीहरू उपचारको अभावमा अकालमै ज्यान गुमाउन वाध्य हुने अवश्था हटेर जाने भन्दै स्थानियवाससीमा खुसी छाएको छ।

# एकैदिन थपिए २३५१ कोरोना संक्रमित

काठमाडौं, ८ बैशाख। पछिल्लो २४ घण्टामा थप २ हजार ३५१ जनामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको छ। देशभरका प्रयोगशालामा ८ हजार ८८४ नमुनाको पीसीआर परीक्षण गर्दा २२२० र ८०३ एन्टिजेन टेष्ट गर्दा १३१ जनामा संक्रमण पुष्टि भएको हो। यससँगै कुल संक्रमितको संख्या २ लाख ८९ हजार ७८७ पुगेको छ। उनीहरूमध्ये १० हजार ५८२ सक्रिय संक्रमित छन्।

बुधबार थपिएका नयाँ संक्रमितमध्ये १ हजार ५१ जना काठमाडौं उपत्यकाका छन्। काठमाडौंका ७८६, ललितपुरका १८१ र भक्तपुरका ८४ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। उपत्यकाबाहिर बाँकेका २२५, रूपन्देहीका १२४, कास्कीका ८८, पर्साका ८१, दाङका ७४, बाग्लुङका ५३ र सुर्खेतका ५२ जनामा संक्रमण पुष्टि भएको छ।

मन्त्रालयका अनुसार कोरोना संक्रमणबाट थप १० जनाको मृत्यु भएको छ। यससँगै मृतकको संख्या ३११२ पुगेको छ। यो कुल संक्रमितको १.०७ प्रतिशत हो।



### हेटौंडामा कोरोना संक्रमित एक वृद्धको मृत्यु

मकवानपुर। मकवानपुरमा कोरोना संक्रमणबाट एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका वडा नम्वर-४ का ७४ वर्षीय वृद्ध रहेका छन्। उनलाई केही दिन अघि कोरोनाको संक्रमण पुष्टि भएको थियो। संक्रमण पुष्टि भएसँगै होम आइसोलेशनमा बस्दै आएका बृद्धको विहान आफ्नै निवासमा मृत्यु भएका हेटौंडा उपमहानगरपालिकाका जन स्वास्थ्य अधिकृत भोला प्रसाद चौलागाईंले रातोपाटीलाई बताए।

उनको शवलाई नेपाली सेनाको टोलीले व्यवस्थापन गर्ने तयारी भइरहेको चौलागाईंले बताए पछिल्लो समय नेपालमा पनि कोरोना संक्रमणको दोस्रो लहर सुरु भएपछि कोरोनाको जोखिम उच्च देखिएको छ। मकवानपुरमा पनि कोरोना संक्रमितको संख्या बृद्धि हुने क्रम तिव्र रहेको छ। गत २ दिनमा मात्रै मकवानपुरका ३४ जनामा कोरोनाको संक्रमण पुष्टि भएको छ।

# भतिजाले काकाको कान टोकेर खाईदिए

सल्यान, ८ बैशाख। काका-भतिजाबीच झगडा हुँदा सल्यानमा भतिजाले काकाको कान खाईदिएका छन्।

जिल्लाको कालिमाटी गाउँपालिका वडा नम्बर १ हिंआरे निवासी २१ वर्षका खिम बहादुर कवरले ५६ वर्षका ठुलाबुबा नाता पर्ने धनबहादुर कवरको कान टोकेर खाएका हुन्। मंगलबार बारीमा बाख्राले अन्न खाएको विषयलाई लिएर भतिज र ठुलाबुबाको झगडा सुरु भएको थियो।

त्यसपछि भतिजले आफूलाई पिटेर कान टोकिदिएको धनबहादुरले बताएका छन्।

अंगभंग कसुरमा धनबहादुरले प्रहरीमा जाहेरी दिएपछि खिम बहादुरलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रवक्ता अर्जुन पौडेलले बताए।

उनलाई अहिले अनुसन्धानका लागि इप्रका लुहाममा राखिएको छ। यस अघि आरोपित खिम बहादुरका बुबाको पनि पीडित धनबहादुरले कान टोकिदिएको बताइएको छ।

2058 SAHAMATI | Good Neighbors International

## धानको मुलबीउ खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचनाप्रकाशितमिति २०७८।०१।०९**

कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को आर्थिक सहयोगमा गुड नेवर्स इन्टरनेशनल नेपालको प्राविधिक सहयोगमा नवलपरासी वर्दघाट सुस्तापूर्व र पश्चिममा सहमति संस्थाद्वारा संचालित समावेशी ग्रामीण विकास परियोजना अन्तर्गत स्थानीयद्वारा पहल परियोजनाहरूले जिल्ला नवलपरासी बर्दघाट सुस्ता पश्चिमको सुस्ता गाँउपालिका वडा नं.२ मा बीउ उत्पादन समूहहरूको लागि धानको मुलबीउ खरिद गर्नु पर्ने भएकोले TOR माउल्लेखितशर्त अनुसार आपूर्ति गर्न इजाजतप्राप्त ईच्छुक स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्ति कर्ताबाट सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि आह्वान गरिन्छ।

**धानको विवरण र अनुमानित परिमाणः**

| धानको मुलबीउ जात | लगाईने क्षेत्रफल | आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|
| बहुगुणी-१ | ५३८ कठ्ठा | १०७५ किलो | ५ वटा व्लकमा |
| बहुगुणी-२ | ७७७ कठ्ठा | १५५० किलो | ५ वटा व्लकमा |

**दरभाउपत्रपेशगर्ने प्रक्रिया :**

ईच्छुक स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताहरूले आफूले सेवा दिनचाहेमा उत्पादनका लागि प्राबिधिक सेवा तथा उत्पादन पछि बीउखरिद गर्ने गरि आफ्नो दरभाउपत्र पेश गर्न सक्नेछन्। दर भाउपत्र पेश गर्दा धानको मुलबीउ लेखी सिलबन्दी दरभाउपत्र मिति २०७८।०१।२० गते तद अनुसार (3 May, 2021) गते ५:०० बजे भित्र समावेशी ग्रामीण विकास परियोजनाको कार्यालय, शिवालय टोल, वर्दघाट ४, नवलपरासी वा सहमतिको कार्यालय, गैंडाकोट नगरपालिका, वडा नं. ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय, एकान्तकुना ललितपुरमा सिधै वा हुलाक कुरियर मार्फत बुझाउन सकिनेछ।

सामाग्रीहरूको विवरण र परिमाणहरू TOR/Bidding documents सम्बन्धित संस्थाको कार्यालयको ईमेलः procurement@sahamati.org वा संस्थाको वेभसाइटः http://gninepal.org/work-with-us/notice/ बाट प्राप्तगर्न सकिनेछ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङ्कन तथा आपूर्ति कर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरूमा निहित रहनेछ।

# लुम्बिनीलाई पछाडि पर्न दिइँदैन : प्रमुख सचेतक भट्टराई

भैरहवा, ८ वैशाख- राष्ट्रिय सभा नेकपा (एमाले) का प्रमुख सचेतक खिमलाल भट्टराईले अब लुम्बिनी क्षेत्रलाई पछाडि पर्न नदिइने बताएका छन्। भट्टराईले यहाँको शिक्षा, कृषि, पर्यटन र युवाहरूको रोजगारीको जिम्मा लिने बताए।

लुम्बिनी विकास मञ्च गैडहवा-७ शान्तिबजार रूपन्देहीले लुम्बिनीमा आयोजना गरेको सरसफाई अभियान तथा क्यालेण्डर विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै नेता भट्टराईले सम्पूर्ण हिसाबले यहाँको जिम्मा लिएर अगाडि बढ्ने बताए। उनले यो ठाउँलाई विकसित गर्ने गरी अगाडी बढ्ने बताए। 'युवाहरूलाई रोजगारी दिने प्रश्न छ, अहिले हाम्रो सरकार र हामी मुख्य रूपमा स्वरोजगारमा लाग्ने हो, कृषि र व्यवसायीको समस्या समाधान गर्दै पूर्वाधारको विकासमा अगाडी बढ्ने भनेपछि हामीले युवाहरूलाई रोजगारीतर्फ आकर्षित गरेर अगाडी बढ्छौं, 'भट्टराईले भने।

लुम्बिनी स्मार्ट सिटीको अवधारणामा गइरहेको र अब लुम्बिनी मात्र नभइ लुम्बिनीसहित मायादेवी, गैडहवा, कञ्चन र सैनामैना र क्षेत्र नम्बर ५, रूपन्देहीलाई स्मार्ट सिटीसंग जोडेर अगाडी बढ्ने उनले बताए। लुम्बिनीको ३ वर्गमाइल क्षेत्र मात्र नभइ विकासलाई यहाँको वस्तीसँग जोड्न सरकार लागेको उनको भनाइ थियो। सरकारले १२ वटा शहरलाई 'स्मार्ट सिटी' बनाउने निर्णय गरेकोले सोही अन्तर्गत लुम्बिनीलाई जोडेर अगाडी बढ्ने भट्टराइले बताए।



'अब हामीले यहाँको वस्तीलाई विकास र समृद्धिसंग जोडेर अगाडि बढाउँछौं, स्मार्ट सिटी बनाउँदा जनतालाई दुःख दिने र वस्ती उठाउन लागियो भन्ने गलत प्रचार हुन सक्छ तर वस्ती उठाउने सरकारको कुनै योजना छैन, जनताको अहित हुने गरी काम गर्दैनौं, गलत प्रचार हुँदैमा विकासको योजना नल्याउने भन्ने हुँदैन, भट्टराईले भने। भ्रमलाई चिर्न युवाहरूले महत्वपूर्ण भुमिका निर्वाह गर्नुपर्ने उनको भनाइ थियो। राजनीतिक संस्कारलाई नयाँ ढंगले अगाडी बढाउनुपर्नेमा उनले जोड दिए।

सामाजिक उत्तरदायित्वका कार्यहरूलाई निरन्तरता दिदैं आएको लुम्बिनी विकास मञ्चले नयाँ वर्ष २०७८ को क्यालेण्डर विमोचन कार्यक्रम गरेको मञ्चको अध्यक्ष सन्दिप गुप्ताले बताए। त्यस्तै लुम्बिनी विकास कोषको कार्यालय नजिकै रहेको वनभोज स्थलमा सरसफाई गरिएको नेकपा (एमाले)का युवा नेता चन्द्रकेश (सि.के.) गुप्ताले जानकारी दिए।

# आगलागी हुँदा जलेर मृत्यु

सल्यान, ८ बैशाख। घरमा आगलागी हुँदा एक जनाको ज्यान गएको छ। जिल्लाको शारदा नगरपालिका १० मदाना निवासी ३० वर्षीय राम बहादुर सुनारको सुती रहेको अवस्थामा जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ।

मंगलबार राती करिब १० बजेको समयमा उज्यालोको रूपमा प्रयोग हुने सल्लाको दियालोबाट आगलागी हुँदा उनको मृत्यु भएको अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी अर्जुन पौडेलले जानकारी दिए। उनी घरमा एक्लै थिए। घटनाको बारेमा थप अनुसन्धान भइरहेको पौडेलले बताए।

# दुर्घटनामा चालकको मृत्यु

पाल्पा, ८ वैशाख - जिल्लाको माथागढीमा टिप्पर दुर्घटना हुँदा चालकको मृत्यू भएको छ। जिल्लाको माथागढी गा.पा. ०५ सुर्काबास स्थित गोठादी सुनवल कच्चि सडक खण्डमा सुनवलबाट माथागढी गा.पा.-५ स्थित रहेको चुनढुङ्गा खानी तर्फ आउँदै गरेको लु २ ख ३६३६ नं. को टिप्पर दुर्घटना भएको हो।

दुर्घटनामा परी टिपर चालक सल्यान जिल्लाका ३७ वर्षीय भोला राम बोहोराको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रामश्वर त्वातीले बताए। उनका अनुसार चालक बोहोराको घटनास्थलमै मृत्यु भएको हो। टिपर सडकदेखी अन्दाजी १ सय मिटर तल खसेको छ। टिपर खाली भए पनि के कति कारणले दुर्घटना भएको हो भन्ने विषय भने खुल्न सकेको छैन। घटनाको विषयमा विस्तृत अध्ययन भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## शिक्षक आवश्यकता

यस **श्री सीता मा. वि.** चरङ्गेमा शिक्षण इकाई सहयोग अनुदान कोटाको शिक्षक पद पूर्तिका लागि वि.व्य.स. २०७८/०१/०८ गते बसेको वैठकको निर्णय अनुसार उक्त पदमा रहि अध्यापन गर्न इच्छुक नेपाली नागरिकले तपसिल वमोजिमको विवरण सहित मिति २०७८/०१/२३ गते कार्यालय समय भित्र उम्मेदवारी दरखास्त दिनको लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

**विज्ञापन नं.**०४/०७८

**पदः** शिक्षक **तहः** मा.वि. तृतिय **संख्याः** १ **विषयः** नेपाली

**योग्यताः** नेपाली मुल विषय लिई स्नातक वा सो सरह

**तलवः** नेपाल सरकारको अनुदान कोटाको नियमानुसार

**आवश्यक कागजातहरुः** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अध्यापन अनुमति पत्र र निरोगिताको प्रमाण पत्रको प्रतिलिपि।

**उमेरः** १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको

**परीक्षाको किसिमः** लिखित र अन्तरर्वाता

**परीक्षा मितिः** अन्तिम मिति २०७८/०१/२४ गतेको दिन तोकिनेछ।

**निवेदन दस्तुरः** रु. २,०००/- (दुई हजार मात्र)

**नोटः** अनुभवी र माथिल्लो योग्यता भएकोलाई विशेष ग्राह्यता दिइने छ।

**सम्पर्क नं.**: ९८४७०२७२६६, ९८४७०२२१८८, ९८५७०२७१६०

**नोटः** अनुभवी माथिल्लो योग्यता भएकालाई विशेष ग्राएता दिइनेछ। म्याद नाघि आएको निवेदन माथि कुनै कारबाही हुने छैन।

**प्रधानाध्यापक**

**मेहश कुमार थैव**

**श्री सीता माध्यमिक विद्यालय**

**देवदह-१०, चरङ्गे**

## Bhumikasthan Municipality
## Office of the Municipal Executive
**Nuwakot, Arghakhanchi**

**Invitation for Bids for the Construction of 15 Bed Primary Hospital Building**

**Contract Identification No: 79/BMA/W/HB/2077/078**
**Date of publication: 22-04-2021 (2078/01/09)**

1. The **Bhumikasthan MunicipalityNuwakot, Arghakhanchihas allocated** the cost of **Construction of 15 Bed Primary Hospital** and intends to apply part of the funds to cover eligible payments under the Contract **for Construction of 15 Bed Primary Hospital** Building, Contract Identification No: 79/BMA/W/HB/2077/078.Bidding is open to all eligible as per Section V of bidding document..
2. **Bhumikasthan Municipality Nuwakot, Arghakhanchi** invites electronic bids from eligible bidders for the construction **of Construction of 15 Bed Primary Hospital Building, Bhumikasthan Municipality-7, Nuwakot, Chidichour** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs.14,06,60,000.00**
- Minimum Work experience of similar size and nature:**1 Building within 5 (five) Years** with a value of **NRs.15,01,00,000.00.**

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously (i) the Technical Bid and the other (ii) the Price Bid.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Bhumikasthan Municipality Nuwakot, Arghakhanchior Contact No.9857069981, 9857069987, 9857069796** or **bhumikasthanmunicipality@gmail.com** or PPMO e-GP system www.bolpatra. gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Century Commercial Bank Ltd.
**Name of Office:** Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi.
**Office Account no.:** 0900000004GE.

6. Pre-bid meeting shall be held atBhumikasthan Municipality, Nuwakot, Arghakhanchi. at 11-05-2021(2078/01/28).
7. electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpbefore 12.00 hrs.on23-05-2021 (2078/02/09). Bids received after this deadline will be rejected.
8. Other Information are as below:

| Contract ID | Description of Work | Fee of BID Document | BID Validity Period | BID security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|
| 79/BMA/W/HB/ 2077/078 | Construction of 15 Bed Primary Hospital Building. | 10000 | 150 Days | **46,90,000/-** | |

9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.